कार्यपालिका ९०औं बैठक

आज मिति २०८२/१०/२५ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष देविराम अर्याल ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरूको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरू पारित गरियो ।

उपस्थिति:

| क्रम संख्या | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री देविराम अर्याल | |
| २ | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३ | वडा अध्यक्ष | श्री दिपक श्रीस | |
| ४ | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५ | वडा अध्यक्ष | श्री ज्ञान कुमार बुढा | |
| ६ | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७ | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८ | वडा अध्यक्ष | श्री दिपक भण्डारी | |
| ९ | वडा अध्यक्ष | श्री हिरा बहादुर कार्की | |
| १० | वडा अध्यक्ष | श्री सूर्य बहादुर घर्ती क्षेत्री | |
| ११ | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२ | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३ | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४ | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५ | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६ | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७ | कार्यपालिका सचिव | श्री विवेक खनाल | |

आमन्त्रित सदस्यहरु

१८. गणेश प्रसाद न्यौपाने - प्रशासन शाखा प्रमुख

१९. सोविराम सुनार - नगर प्रहरी

२०. राम प्रसाद अर्याल - कार्यालय सहयोगी

२१ डिल्लीराम [illegible]

प्रस्तावहरु:-

१.सैंरे हिले साराकटेरी सुनापते सडक आयोजनाको प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा,

२.चिसापानी निस्तिखोला देउराली भिमगिठे सडक आयोजनाको प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा,

३.स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) र गाउँपालिकाको लागत साझेदारीमा सञ्चालित योजनाहरुबाट वचत भएको रकमबाट दोश्रो प्याकेजमा ठेक्का खोल्ने सम्बन्धमा,

४.श्रोत सुनिश्चित सम्बन्धमा

५.कोटेशन विधिबाट खरिद कार्य अगाडी वढाउने सम्बन्धमा,

६. स्थानीय विदा दिने सम्बन्धमा,

निर्णयहरु:-

| | | |
|---|---|---|
| १. | योजना/प्राविधिक शाखा | समपुरक तथा विषेश अनुदान अन्तरगतका आयोजनाहरुको कार्यान्वयनका लागि डिपिआर तथा प्रारम्भिक वातावरणीय प्रतिवेदनहरु आयोजना माग सँगै राष्ट्रिय तथा प्रदेश योजना आयोगमा अनलाईन अपलोड गर्नु पर्ने नीतिगत व्यवस्था बमोजिम चालु आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रममा सैंरे हिले साराकटेरी सुनापते सडक आयोजनाको प्रारम्भिक वातावरणीय प्रतिवेदन निर्माणको लागि रकम विनियोजन भएकोमा यस गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०८२ बमोजिम परामर्श सेवा/कोटेशन विधिबाट सैंरे हिले साराकटेरी सुनापते सडक आयोजनाको प्रारम्भिक वातावरणीय प्रतिवेदन तयारीको जिम्मा पाएको द्वारिका इन्जिनियरिङ्ग एन्ड कन्स्ट्रक्सन सप्लायर्स प्रा.ली.ले प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गरेकोमा कार्यविधिको व्यवस्था बमोजिम प्रमुख प्रशासकीय अधिकृत मार्फत स्वीकृतिको लागि अध्यक्ष ज्यू समक्ष पेश भएको, अध्यक्ष ज्यूले गाउँपालिकाको प्राविधिक समिति समक्ष आवश्यक अध्ययन, परामर्श, जाँचवुझ, विश्लेषण, तथा पुनरावलोकनका लागि पठाएकोमा प्राविधिक समितिले कुनै समस्या नदेखिएकोले उक्त प्रतिवेदन स्वीकृतिका लागि अध्यक्ष ज्यू समक्ष पेश गरिएकोमा अध्यक्ष ज्यूले उक्त प्रतिवेदन स्वीकृतिका लागि गाउँ कार्यपालिकाको वैठकमा पेश गर्न आदेश भए बमोजिम गाउँ कार्यपालिकाको वैठकमा सचिव ज्यूबाट आवश्यक निर्णयार्थ पेश भएको, प्रतिवेदन तयार गर्ने संस्थाहरुसँग आवश्यक विषयहरुका वारेमा सोधखोज गरिएको र समग्रमा कुनै समस्या नदेखिएको कारण उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरी भुक्तानी दिने निर्णय गरियो। |
| २. | योजना/प्राविधिक शाखा | समपुरक तथा विषेश अनुदान अन्तरगतका आयोजनाहरुको कार्यान्वयनका लागि डिपिआर तथा प्रारम्भिक वातावरणीय प्रतिवेदनहरु आयोजना माग सँगै राष्ट्रिय तथा प्रदेश योजना आयोगमा अनलाईन अपलोड गर्नु पर्ने नीतिगत व्यवस्था बमोजिम चालु आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रममा चिसापानी निस्तीखोला देउराली भिमगिठे सडक आयोजनाको प्रारम्भिक वातावरणीय प्रतिवेदन निर्माणको लागि रकम विनियोजन भएकोमा यस |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०८२ बमोजिम परामर्श सेवा/कोटेशन विधिबाट चिसापानी निस्तीखोला देउराली भिमगिठे सडक आयोजनाको प्रारम्भिक वातावरणीय प्रतिवेदन तयारीको जिम्मा पाएको रुरु रेसुङ्गा कन्सल्टेन्सी प्रा.ली.ले प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गरेकोमा कार्यविधिको व्यवस्था बमोजिम प्रमुख प्रशासकीय अधिकृत मार्फत स्वीकृतिको लागि अध्यक्ष ज्यू समक्ष पेश भएको, अध्यक्ष ज्यूले गाउँपालिकाको प्राविधिक समिति समक्ष आवश्यक अध्ययन, परामर्श, जाँचबुझ, विश्लेषण, तथा पुनरावलोकनको लागि पठाएकोमा प्राविधिक समितिले अध्ययन गरी कुनै समस्या नदेखिएको भनि निर्णय/प्रतिवेदन पेश गरेको हुँदा उक्त प्रतिवेदन स्वीकृतिका लागि अध्यक्ष ज्यू समक्ष पेश गरिएकोमा अध्यक्ष ज्यूले उक्त प्रतिवेदन स्वीकृतिका लागि गाउँ कार्यपालिकाको वैठकमा पेश गर्न आदेश भए बमोजिम गाउँ कार्यपालिकाको वैठकमा सचिव ज्यूबाट आवश्यक निर्णयार्थ पेश भएको, प्रतिवेदन तयार गर्ने संस्थाहरुसँग आवश्यक विषयहरुका वारेमा सोधखोज गरिएको र समग्रमा कुनै समस्या नदेखिएको कारण उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरि भुक्तानी दिने निर्णय गरियो। |
| ३. | योजना शाखा | चालु आ.ब.२०८२/०८३ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तथा गाउँपालिकाको लागत साझेदारीमा ११ वटा योजनाहरु कार्यान्वयन चरणमा लगिएको, इबिडिङ्ग मार्फत कार्यक्रम अगाडी वढाउँदा स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा विनियोजन भएको रकम रु.३ करोड ३ लाखबाट रु.३४,१४,०००/- वचत भएको र गाउँपालिकाले लागत साझेदारी वापत रु. ३९,२८,५५५/- थप गरि कूल रकम रु.७३,४२,५५५/-बाट तपसिलका योजनाहरुको निर्माणको लागि ठेक्का खोल्ने निर्णय गरि प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो।<br>तपसिलः-<br>१.सिमलटारी दधास दक्सुमारे अर्खावाङ्ग सडक<br>२.फूलवारी चिसापानी निस्तिखोला देउराली भिमगिठे सडक |
| ४. | योजना शाखा | आ.ब.२०८२/८३ अन्तरगत संघीय सरकारको सशर्त अनुदान कार्यक्रमबाट गुल्मी जिल्ला मालिका गाउँपालिका सिलादी अर्खावाङ्ग सडक स्तरोन्नती कार्यको लागि रु.२५ लाख रकम विनियोजन भएकोमा उक्त सडकको लागि तत्काल अत्यावश्यक कार्यको निर्माणका लागि उक्त विनियोजित रकमबाट कार्य सम्पन्न गर्न नसकिने भएको हुँदा रु.५ लाख गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी श्रोत सुनिश्चित गरिएको सम्बन्धमा निर्णय गरियो। |
| ५. | योजना शाखा | लुम्विनी प्रदेश सरकारको आ.ब.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका आयोजनाको लागि निम्नानुसारको रकम विनियोजन भएको हुँदा उक्त आयोजनाहरुको निर्माण कोटेशन विधिबाट गर्ने र सो कार्यको लागि प्राविधिक र योजना शाखालाई निर्देशन दिने निर्णय गरियो।<br>१.सोलथाप्ने ऐतिहासिक सम्पदा संरक्षण<br>२.मलागिरी खर्रे खड्गिगाडा सिंचाइ आयोजना मालिका-३ हाङ्गदी |

मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गुल्मी

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ६. | प्रशासन शाखा | यस गाउँपालिकामा मगरहरुको घना वस्ति रहेको, विगतका वर्षहरुमा समेत राष्ट्रिय मगर दिवसको अवसरमा स्थानीय विदा दिने गरिएको हुँदा चालु आ.ब.२०८२/८३ अन्तरगत २०८२/११/१५ गतेका दिन राष्ट्रिय मगर दिवस परेको हुँदा उक्त दिन स्थानीय विदा दिने सम्बन्धमा निर्णय गरी सोको कार्यान्वनयका लागि प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो। |

प्रमुख प्रशासकीय अधिकृत